# बलात्कारविरुद्धको कानुनसम्बन्धी

# जानकारी पुस्तिका



संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA)

महिला, कानुन र विकास मञ्च (FWLD)

# बलात्कार



महिलाको मञ्जुरी बिना गरिने यौन सम्पर्कलाई बलात्कार भनिन्छ । बलात्कार राज्यविरुद्धको अपराध हो ।

# बलात्कार हुने अवस्थाहरु



**कसैले महिलालाई जोरजुलुम गरी वा करकापमा पारी वा अनुचित प्रभावमा पारी वा डरधाक देखाई यौन सम्पर्क राखेमा त्यस्तो कार्य बलात्कार मानिन्छ ।**

# मन्जुरी भए पनि बलात्कार हुने



कसैले १६ वर्ष उमेर नपुगेकी बालिकालाई मन्जुरी लिई यौन सम्पर्क गरेमा पनि बलात्कार मानिन्छ ।

# वैवाहिक बलात्कार



लोग्नेले स्वास्नीको मञ्जुरीबिना गर्ने जबरजस्ती यौन सम्पर्कलाई वैवाहिक बलात्कार भनिन्छ । लोग्नेद्वारा स्वास्नीमाथि हुने वैवाहिक बलात्कार पनि अपराध हो । वैवाहिक बलात्कार गर्ने लोग्नेलाई ३ देखि ६ महिनासम्म कैद सजाय हुन्छ ।

# बलात्कारको उजुरी प्रक्रिया



बलात्कार भएमा ३५ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्दछ । बलात्कारको उजुरी जोसुकैले पनि गर्न सक्दछ । बलात्कारसम्बन्धी अनुसन्धानको सिलसिलामा पीडित महिलाको बयान महिला प्रहरीद्वारा गराउनु पर्दछ । यदि महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको उपस्थितिमा मात्र पुरुष प्रहरी कर्मचारीले बयान गराउन सक्दछ ।

# स्वास्थ्य परीक्षण र विशेषज्ञको राय



बलात्कृत महिलाले प्रहरीमा उजुरी गरी प्रहरीको सहयोगमा यथाशीघ्र स्वास्थ्य परीक्षण गराउनु पर्दछ । बलात्कारको मुद्दामा स्वास्थ्य परीक्षण प्रतिवेदन महत्वपूर्ण प्रमाण हो ।

स्वास्थ्य परीक्षण गर्ने चिकित्सक आफै साक्षीको रुपमा अदालतमा उपस्थित भई विशेषज्ञको राय दिनु पर्दछ ।

# प्रमाणको सुरक्षा

बलात्कार भएपछि बलात्कृत महिलाले प्रमाणको सुरक्षाको लागि निम्न कार्य गर्न हुँदैन:



नुहाउनु हुँदैन ।



घटनास्थलको प्रकृति बदल्नु हुँदैन ।



लुगा धुनु हुँदैन ।



स्वास्थ्य परिक्षण नगरी यौनसम्बन्ध राख्नु हुँदैन ।

# क्षतिपूर्तिको व्यवस्था




कसैले कुनै महिलालाई बलात्कार गरेको ठहरेमा अदालतले पीडित महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिव ठहराए बमोजिम क्षतिपूर्ति कसूरदारबाट भराइ दिनु पर्दछ । बलात्कारसम्बन्धी मुद्दा अदालतमा चलिरहँदा अभियुक्तले आफ्नो अंशमा रहेको सम्पत्ति बेचिबिखन नगरोस् र नलुकाओस् भन्ने उद्देश्यले अभियुक्तको अंश रोक्का गर्न सकिने व्यवस्था छ ।

# गोपनियताको व्यवस्था



मुद्दाको कारवाहीको क्रममा बलात्कृत महिलासँग सम्बन्धित जानकारीहरू गोप्य राख्नु पर्दछ । बलात्कारको घटनाको प्रचार प्रसारको क्रममा स्वीकृतिविना पीडितको वास्तविक नाम र फोटो सार्वजनिक गर्न हुँदैन ।

बलात्कारको मुद्दाको उजुरीदेखि फैसला कार्यान्वयनसम्मको कारवाहीको क्रममा पीडितले अनुरोध गरेमा कानुन कार्यान्वयन गर्ने निकायहरूले पीडितको वास्तविक नामको सट्टामा काल्पनिक नाम वा संकेतको प्रयोग गर्ने गरी गोपनियता कायम गर्नुपर्दछ ।

# बन्द इजलासको व्यवस्था



बलात्कारको मुद्दाको सुनुवाई हुँदा सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित महिला र निजको संरक्षक, र अनुमति पाएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन पाउने बन्द इजलासमा गर्नुपर्दछ ।

# बलात्कारमा हुने सजाय



- १० वर्षभन्दा मुनिको बालिका भए १० देखि १५ वर्षसम्म कैद हुनेछ ।
- १० वर्षमाथि १४ वर्षमुनिको बालिका भए ८ देखि १२ वर्षसम्म कैद हुनेछ ।
- १४ वर्षमाथि १६ वर्ष मुनिको बालिका भए ६ देखि १० वर्षसम्म कैद हुनेछ ।
- १६ वर्ष वा सोभन्दा माथिको महिला भए ५ देखि ८ वर्षसम्म कैद हुनेछ ।

# बलात्कारको उद्योग



बलात्कारको उद्योग भन्नाले कुनै महिलामाथि बलात्कारको लागि प्रयास भएको तर केही कारण परी बलात्कार भने नभएको स्थिति हो । यदि बलात्कार भएको छैन तर बलात्कारको उद्योग भएको छ भने बलात्कारको अपराधमा हुने सजायको आधा सजाय हुन्छ ।

# सामुहिक बलात्कार



दुई वा दुईभन्दा बढी व्यक्ति मिली गर्ने बलात्कारलाई सामूहिक बलात्कार भनिन्छ । सामूहिक बलात्कारमा थप पाँच वर्ष कैद सजाय हुन्छ ।

# अपांग वा अशक्त महिलाको बलात्कार



अपाङ्ग वा अशक्त महिलामाथि गरिने बलात्कार गम्भीर प्रकृतिको बलात्कार मानिन्छ । यस्तो बलात्कारमा थप ५ वर्ष कैद सजाय हुन्छ ।

# गर्भवती महिलाको बलात्कार



गर्भवती महिलामाथि गरिने बलात्कार गम्भीर प्रकृतिको बलात्कार मानिन्छ । यस्तो बलात्कारमा थप ५ वर्ष कैद सजाय हुन्छ ।

एचआइभी संक्रमित व्यक्तिले बलात्कार गरेमा थप १ वर्ष कैद सजाय हुन्छ ।

# हाडनाताको सम्बन्धभित्र बलात्कार



हाडनाताको सम्बन्धभित्र बलात्कार गरेमा बलात्कारमा हुने सजायको अतिरिक्त नाता सम्बन्ध अनुसार जन्मकैद सम्मको थप सजाय हुन्छ ।

# कैद वा थुनामा रहेकी महिलालाई बलात्कार



कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले बलात्कार गरेमा वा गर्न अरु कसैलाई संयोग पारी मिलाई दिएमा १ वर्षदेखि ३ वर्षसम्म थप कैद सजाय हुन्छ। यस्तै सेवा प्राप्त गर्न आएको कुनै महिलालाई चिकित्सक वा स्वास्थ्यकर्मीले तथा पुर्नस्थापना केन्द्रमा राखिएकी महिलालाई संस्थाको पदाधिकारी वा कर्मचारीले बलात्कार गरेमा पनि १ वर्ष देखि ३ वर्षसम्म थप कैद सजाय हुन्छ ।

# सतीत्व रक्षा



महिला भाग्न, उम्कन सक्ने अवस्था नभई बलात्कारबाट बच्न हारगुहार गर्दा समेत सहयोग नपाई आफ्नो सतीत्व बचाउन प्रतिकार गर्दा बलात्कारीको मृत्यु हुन गएमा ज्यानमाराको बात लाग्दैन । बलात्कारको घटना घटिसकेपछि त्यसको रीस थाम्न नसकी घटना घटेको १ घण्टाभित्र घटनास्थलमा वा लखेट्दै केही गर्दा बलात्कारीको मृत्यु हुन गएमा पनि ज्यानमाराको बात लाग्दैन ।

प्रकाशक

**महिला, कानुन र विकास मञ्च** (FWLD)
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ४२६६४१५, ४२४२६८३
फ्याक्स : ४२४०६२७
इमेल : fwld@fwld.wlink.com.np
Website : www.fwld.org

सहयोग

**संयुक्त राष्ट्र जनसंख्या कोष** (UNFPA)
सानेपा, झम्सिखेल,
ललितपुर, नेपाल
फोन नं. ५५२३८८०
फ्याक्स : ५५२३९८५
Website : www.unfpanepal.org